का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ फागुन २०७९,
शुक्रबार
3 March 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




# उतार–चढावपूर्ण ७ वर्षे कार्यकाल



**प्रदीप यादव**
सांसद, जसपा

दुई पटकसम्म संघीय संसदले पारित गरेर पठाउँदा समेत राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण नगरिदिने जस्ता कार्य भए । यसलाई ख्याल गरेर अब राष्ट्रपतिको भिटो अधिकारबारे नवनिर्वाचित संसदमा छलफल हुन जरुरी छ ।



**सन्तोष परियार**
प्रमुख सचेतक, रास्वपा

जहाँ जहाँ राजनीति गर्ने हो, त्यहाँ गरौं । जहाँ राजनीति गर्नुपर्दैन, त्यहाँ सबै मिलौं । राष्ट्रपति सम्मानित हुनु भनेको गणतन्त्र पनि थप बलियो गरी संस्थागत हुने हो ।



**विजयकान्त कर्ण**
पूर्व राजदूत

दलहरुले नै राष्ट्रपतिलाई राजनीति गर्ने मौका दिए । यस्तो रोक्नका लागि राष्ट्रपतिको अधिकारसम्बन्धी नियम-कानून बनाएर, संसदले पास गरेको विधेयक स्वत: कानून बन्छ भनेर भनेको भए हुन्थ्यो ।



**विपिन अधिकारी**
संविधानविद्

राष्ट्रपतिका कतिपय आलोच्य कामले पनि कानुनी वैधता पाउला तर, राजनीतिक वैधता (लेजिटमसी) गुमाउँ, जनविश्वास पनि खण्डित हुन्छ ।

राष्ट्रपतिमा निर्वाचित हुनुअघि एमालेकी उपाध्यक्ष रहेकी विद्यादेवी भण्डारीले मुलुकको सर्वोच्च पदमा पुगेपछि पनि त्यही पार्टीको नीतिलाई अनुशरण गरेको आरोप निरन्तर खेपिरहिन् ।

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १८ फागुन ।

राष्ट्रपति विद्यादेवी भण्डारीको ७ वर्षे कार्यकाल फागुन २९ मा सकिँदै छ । उनी २०७२ कात्तिक ११ देखि राष्ट्रपति छिन् । २०७४ फागुन २९ देखि उनले दोस्रो कार्यकालको जिम्मेवारी सम्हालेकी थिइन् । पहिलो कार्यकाल भन्दा राष्ट्रपति भण्डारीको दोस्रो कार्यकाल बढ्ता उतार-चढावपूर्ण रह्यो ।

भण्डारी गणतन्त्र स्थापनापछिको दोस्रो राष्ट्रप्रमुख हुन् । राष्ट्रपतिमा निर्वाचित हुनुअघि नेकपा एमालेकी उपाध्यक्ष रहेकी उनले मुलुकको सर्वोच्च पदमा पुगेपछि पनि त्यही पार्टीको नीतिलाई अनुशरण गरेको आरोप निरन्तर खेपिरहिन् ।

अब फागुन २९ पछि उनी नेकपा एमालेको राजनीतिमा फर्कने धेरैको अनुमान छ । शेरबहादुर देउवा नेतृत्वको सरकारका पालामा संसद्का दुवै सदनबाट दुईपटक पारित गरेर पठाइएको

– बाँकी पृष्ठ २ मा

## राष्ट्रिय सभा उपाध्यक्षको गम्भीर टिप्पणी

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १८ फागुन ।

राष्ट्रपतिबाट बिदा हुँदै गरेकी राष्ट्रपति विद्यादेवी भण्डारीप्रति राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्यालले नै गम्भीर आरोप लगाएकी छन् । भण्डारीले राष्ट्रपति भएपछि पनि पार्टीको इशारा मात्रै स्वीकार गरेको उनको टिप्पणी छ ।

'उहाँ सधैं एमालेको मात्र राष्ट्रपति भइराख्नुभयो । त्यही विधेयक (नागरिकता ऐन संशोधनविधेयक) हुबहु अध्यादेशका रुपमा आएको बेला ओके गर्नुभयो ।

– बाँकी पृष्ठ २ मा



# यु–१९ विश्वकपमा नेपाल
## प्रत्येक खेलाडीलाई एक लाख पुरस्कार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन ।

आईसीसी यु-१९ विश्वकप एसिया छनोटअन्तर्गतको अन्तिम खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई)लाई हराउँदै विश्वकपको यात्रा तय गरेको छ ।

यूएईको अजमानको इडन गार्डेन ओभल मैदानमा बिहीबार भएको खेलमा नेपालले यूएईलाई सात रनले पराजित गर्दै आगामी वर्ष श्रीलङ्कामा आयोजना हुने विश्वकपको यात्रा तय गरेको हो । नेपाल सन् २०१६ पछि पहिलोपटक विश्वकपका लागि छनोट भएको हो । जितका लागि नेपालले दिएको एक सय ९२ रनको लक्ष्य पछ्याएको यूएई ४८ ओभरमा एक सय ८४ रनमा

– बाँकी पृष्ठ २ मा

# देश आर्थिक मन्दीको खतरामा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ फागुन ।

राष्ट्र बैंकको ऐन, नियम विपरीत ऋण लगानी गर्नथालेपछि एकपछि अर्को गर्दै लघुवित्त संस्थाहरु धराशायी बन्न थालेका छन् । छिटो नाफा कमाउन अन्य व्यवसायमा पैसा लगानी गर्न थालेपछि देशभरिकै अधिकांश लघुवित्त जोखिममा परेका हुन् । वित्तीय संस्थाहरुले सदस्यबाट लिएको बढी सेवाशुल्क फिर्ता गर्ने, घरघरमा गएर पैसा बाँड्ने प्रवृत्ति अन्त्य गर्न राष्ट्र बैंकले निर्देशन दिएपनि त्यसका सञ्चालक भाग्न थालेपछि सर्वसाधारणको पैसा थप जोखिममा परेको हो । लघुवित्तको संस्थाहरुमा समस्या देखिएपछि त्यसको प्रत्यक्ष असर वाणिज्य बैंकमा परेको वरिष्ठ अर्थविद् चन्द्रमणि अधिकारीले बताएका छन् । 'यो देशमा

> लघुवित्त धराशायी हुँदा त्यसको चेन ईफेक्ट वाणिज्य बैंकमा सबैभन्दा बढी देखिन्छ, जसले नेपालको समग्र बैंकिङ्ग प्रणाली नै धराशायी नहोला भन्न सकिँदैन ।
>
> ■ **मनोज न्यौपाने**
> बैंकर

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# कतारको श्रम मन्त्रालयद्वारा दुई दर्जन म्यानपावर कम्पनीमा ताला

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १८ फागुन

कतारको श्रम मन्त्रालयले कामदारका गुनासो सुनुवाइ नगरेको तथा मन्त्रालयको निर्णय उल्लंघन गरेको अभियोगमा २३ वटा म्यानपावर कम्पनी बन्द गर्ने घोषणा गरेको छ । श्रम मन्त्रालयले कामदार भर्ना प्रक्रियालाई नियमन गर्न लागू भएका निर्णय कार्यान्वयन भए/नभएको अनुगमन तथा निरीक्षण जारी राखेको बताएको छ । बन्द गरिएका म्यानपावर हरूले घरेलु कामदारहरू उपलब्ध गराउने क्रममा पटक-पटक नियम उल्लंघन गरेको मन्त्रालयले जनाएको छ ।

बन्द गरिएका म्यानपावरमा अल नसर म्यानपावर, अल-शुयुख म्यानपावर, अल-मीर म्यानपावर, फ्रेन्ड्स म्यानपावर, अन प्वाइन्ट म्यानपावर, युरो टेक म्यानपावर, रिजेन्सी म्यानपावर, शीर्ष अद्वितीय म्यानपावर, अल वाद म्यानपावर, अल-वाड म्यानपावर, अल शरीफ म्यानपावर, अल बराका म्यानपावर र एसियाली म्यानपावर रहेका छन् । त्यसैगरी मन्त्रालयले सेतो म्यानपावर, दाना म्यानपावर, अल नउफ म्यानपावर, रोयल म्यानपावर, अल वाजबा म्यानपावर, स्मार्ट म्यानपावर, रिक्रुटिभ म्यानपावर, इराम म्यानपावर, अल सफसफ म्यानपावर जनशक्ति र अल वाब म्यानपावर पनि बन्द गरेको बताएको छ ।

यसैबीच कतार सरकारले जारी गरेको हय्या प्लेटफर्म एप्समार्फत आफन्तलाई कतार भ्रमणमा ल्याउन सकिने व्यवस्था गरेको छ । कतारले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगितको समयमा हय्या प्लेटफर्ममा दर्ता भएको आफन्तको सूची अध्यावधिक

– बाँकी पृष्ठ २ मा

## जजिराले भैरहवाबाट सिधा उडान गर्ने

**काठमाडौं/मस–** कुवेतको जजिरा एयरवेजले यही मार्च ८ तारिखदेखि साउदी अरबका ५ शहरहरूबाट भैरहवा विमानस्थलमा सिधा उडान भर्ने तयारी गरेको छ । जजिरा एयरवेजले साउदी अरेबियाका रियाद, जेद्दा, मदिना, ताइफ र हायलबाट भैरहवामा उडान भर्ने बताएको छ ।

नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा सञ्चालनमा आएको भैरहवा विमानस्थल अन्तर्राष्ट्रिय उडानको अभावमा संकटमा पर्ने चर्चा शुरू भएको थियो ।

यसअघि वैदेशिक रोजगारमा जाने कामदारलाई लक्षित गरी जजिरा एयरवेजले कुवेतबाट उडान भरेपनि यात्रु अभाव भएको भन्दै उडान रोकेको थियो ।

– बाँकी पृष्ठ २ मा


**VACANCY ANNOUNCEMENT**

एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Manager - 1 (Male/Female)-Bachelor Passed
- Office Secretary - 1 Female/Bachelor Pass/Minimum 2 Years Experience
- Documentation - 1 +2 Passed/Ladies/Minimum 2 Years Experience
- PRO - 6 (Male/Female)
- Receptionist - 1 (Female)
- Office Driver - 1 (Male)

SALARY Negotiable

Send us your CV: futurestarmp397@gmail.com
01-4360576
01-4350719
9810101810

फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं
श्रम इजाजत नं.: ३९७/०६०/०६१



## UAE को ETIHAD INTERNATIONAL HOSPITALITY-MEP DIVISION मा रोजगारको अवसर

ETIHAD INTERNATIONAL HOSPITALITY (EIH) L.L.C.-SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृत मिति: २०७९/११/१८ | चलानी नं.: ६०१९७४०९ | L.T. No.: 282050

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब नेरू. | ओभरटाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिध | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Project Manager | 4 | | 18000 | ६,४५,४८० | | | | | | | |
| 2 | Electrical Engineer | 2 | | 10000 | ३,५८,६०० | | | | | | | |
| 3 | Mechanical Engineer | 3 | | 10000 | ३,५८,६०० | | | | | | | |
| 4 | Civil Engineer | 2 | | 6000 | २१५,१६० | | | | | | | |
| 5 | Electrical Supervisor | 13 | | 6000 | २१५,१६० | | | | | | | |
| 6 | Electronic Supervisor | 1 | | 6000 | २१५,१६० | | | | | | | |
| 7 | **Hse Officer** | 1 | | 6000 | २१५,१६० | | | | | | | |
| 8 | Hse Supervisor | 3 | | 6000 | २१५,१६० | | | | | | | |
| 9 | Mechanical Supervisor | 14 | | 6000 | २१५,१६० | | | | | | | |
| 10 | Mechanical Supervisor-Ac | 3 | | 6000 | २१५,१६० | | | | | | | |
| 11 | Plumber Supervisor | 4 | | 6000 | २१५,१६० | | | | | | | |
| 12 | Supervisor-Electronics and Instrumentation Includi | 5 | | 6000 | २१५,१६० | | | | | | | |
| 13 | Supervisor-Fire Alarm & System Technician | 16 | | 6000 | २१५,१६० | | | | | | | |
| 14 | Admin Secretary | 4 | | 4000 | १४३,४४० | | | | | | | |
| 15 | Administrator | 2 | | 4000 | १४३,४४० | | | | | | | |
| 16 | Chiller Technician | 1 | | 4000 | १४३,४४० | | | | | | | |
| 17 | Bms Technician | 14 | | 3000 | १०७,५८० | | | | | | | |
| 18 | Elevator Technician | 10 | | 3000 | १०७,५८० | | | | | | | |
| 19 | Help Desk Operator | 6 | | 3000 | १०७,५८० | | | | | | | |
| 20 | Ppm Programmer/Data Input Clerk | 1 | | 2500 | ८९,६५० | | | | | | | |
| 21 | Technical Secretary | 1 | | 2200 | ७५,३०६ | | | | | | | |
| 22 | **Firefighting Equipment** & System Technician | 3 | सम्बन्धित काममा दक्ष | 2100 | ७५,३०६ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | दुई वर्ष |
| 23 | Heating & Boiling System Technician | 6 | | 2100 | ७५,३०६ | | | | | | | |
| 24 | Mechanical Technician | 2 | | 2100 | ७५,३०६ | | | | | | | |
| 25 | Water Treatment Technicain | 3 | | 2100 | ७५,३०६ | | | | | | | |
| 26 | Ac Technician | 44 | | 1800 | ६४,५४८ | | | | | | | |
| 27 | Driver (Light Or Bus Driver) | 6 | | 1800 | ६४,५४८ | | | | | | | |
| 28 | Electrician Technician | 41 | | 1800 | ६४,५४८ | | | | | | | |
| 29 | Electro--Mechanical **Control Equipment** Technician | 5 | | 1800 | ६४,५४८ | | | | | | | |
| 30 | Electronic Technician (Technician Fire Alarm & | 4 | | 1800 | ६४,५४८ | | | | | | | |
| 31 | Hvac Technician | 2 | | 1800 | ६४,५४८ | | | | | | | |
| 32 | Medical Gas Technicians | 15 | | 1800 | ६४,५४८ | | | | | | | |
| 33 | Storekeeper | 2 | | 1800 | ६४,५४८ | | | | | | | |
| 34 | Welder | 1 | | 1800 | ६४,५४८ | | | | | | | |
| 35 | Assistant Ac Technician | 13 | | 1500 | ५३,७९० | | | | | | | |
| 36 | Assistant Electrical Technician | 33 | | 1500 | ५३,७९० | | | | | | | |
| 37 | Assistant Plumber | 4 | | 1500 | ५३,७९० | | | | | | | |
| 38 | Assistant Technician | 31 | | 1500 | ५३,७९० | | | | | | | |
| 39 | Carpenter | 8 | | 1500 | ५३,७९० | | | | | | | |
| 40 | Mason | 3 | | 1500 | ५३,७९० | | | | | | | |
| 41 | Painter | 7 | | 1500 | ५३,७९० | | | | | | | |
| 42 | Plumber | 28 | | 1500 | ५३,७९० | | | | | | | |

नोट: MEP DIVISION मा अनिवार्य EXPERIENCE हुनुपर्ने छ ।

**अन्तर्वार्ता हुने स्थान र मिति**
- मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २७ गते (11 March 2023) मा हुनेछ ।
- लण्डन होटल, इटहरी, सुनसरीमा २०७९ फागुन २८ गते (12 March 2023) मा हुनेछ ।
- पि.आई.टी. टेर्निङ सेन्टर, जनकपुरमा २०७९ फागुन २८ गते (12 March 2023) मा हुनेछ ।
- मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २९ गते (13 March 2023) मा हुनेछ ।

नोट: लण्डन होटल, इटहरी अन्तर्वार्ता स्थानका लागि सम्पर्क नं.: 980-2954991
पि.आई.टी. टेर्निङ सेन्टर, जनकपुर अन्तर्वार्ता स्थानका लागि सम्पर्क नं.: 980-1046355

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Al Secure Manpower Recruitment P. Ltd.
License No. 823/066/067
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410
Email: documentation@smrnepal.com | Website: smrnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१९ फागुन २०७९, शुक्रबार
3 March 2023, Friday

# 'महिलाको प्रतिनिधित्व बढाउन दलभित्र शुद्धीकरण आवश्यक'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन

समानुपातिक समावेशी प्रतिनिधित्वमा महिलाको सहभागिता बढाउन राजनीतिक दलभित्र शुद्धीकरणको आवश्यकता रहेको सरोकारवालाहरुले बताएका छन् ।

बिहीबार बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा समानुपातिक समावेशी प्रतिनिधित्वसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्थाबारे भएको छलफलमा राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभाका सांसद तथा नेताहरुले राजनैतिक दल लैङ्गिकमैत्री बन्नुपर्नेमा जोड दिएका हुन् ।



समितिका सभापति दिलकुमारी रावल पार्वतीले समानुपातिक समावेशी प्रतिनिधित्वका लागि राजनीतिक दल उत्तरदायी बन्नुपर्ने बताइन् । उनले भनिन्, 'संघीय संसद् र प्रदेशसभाबाट बनाइने कानुन संविधानमा भएको व्यवस्थाअनुसार महिलामैत्री बनाउन सांसद सचेत हुनुपर्छ ।'

उनले समानुपातिक प्रतिनिधित्वमा विगतमा धेरै पटक राजनीतिक दललाई निर्वाचन प्रणाली विषयमा समितिले उत्तरदायी बनाउन छलफल भएको गरेको बताइन् । बैठकमा जुरी नेपालका अधिवक्ता मोहनलाल आचार्यले समानुपातिक समावेशी प्रतिनिधित्वसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्थाबारे अध्ययन प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले संविधानको धारा ३८ मा टेकेर महिला अधिकारका लागि कानून नबनेको बताए ।

उनले राजनैतिक दल आफैँमा लैङ्गिकमैत्री नहुनु मुख्य चुनौती भएको बताए । उनले ३३ प्रतिशत प्रतिनिधित्व हो वा समानुपातिक हो भन्ने विषयमा स्पष्टता नभएको बताएका थिए ।

नेकपा (एमाले)का सांसद महेश बर्तौलाले दलभित्र लैङ्गिकमैत्री वातवरण तयार नभएसम्म महिला नेतृत्वको सहभागिता बढ्न नसक्ने बताए । उनले भने, 'दलभित्र लैङ्गिकमैत्री वातावरण बन्नुपर्छ । अर्कातर्फ महिलाभित्र पनि चेपाङ, मुसहर, दलित र सिमान्तकृत समुदायको प्रतिनिधित्व हुन आवश्यक छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद विनिता कठायतले महिला नेतृत्वले महिलाकै मुद्दा र जनताको मुद्दा उठाउन नसक्दा नेतृत्वप्रति विश्वास प्राप्त गर्न नसकेको बताइन् । 'महिला भएकै कारण नेता बन्ने भन्दा पनि महिला नेताहरुले आफ्नो क्षमताको विकास र जनताको मुद्दा बुझ्नतर्फ ध्यान दिन आवश्यक छ', उनले भनिन् ।

नेकपा (एमाले)का सांसद सोनाम गेल्जेन शेर्पाले दलीय शासनमा दल सुधार नभएसम्म महिला, आदिवासी र जनजातिका मुद्दाअघि बढ्न नसक्ने बताए । नेकपा (माओवादी केन्द्र)का नेता देवी खड्काले समानुपातिक सहभागिताका लागि दलभित्र सुधार गर्न आवश्यक भएको धारणा राखे ।

रास्वपाकी सांसद सुमना श्रेष्ठले निर्वाचनमा हुने फजुल खर्च नियन्त्रण गर्नपर्ने बताइन् । 'पैसा बिना पनि निर्वाचनमा उम्मेदवार बन्न र निर्वाचित हुन सकिन्छ भन्ने वातवरण बनाउन आवश्यक छ । यसले उम्मेदवारमा आत्मविश्वास बढ्छ', उनले भनिन् । उनले निर्वाचनका समयमा उम्मेदवारले भड्किलो खर्च नगर्ने संयन्त्रको व्यवस्था गर्नपर्नेमा जोड दिइन् ।

# राष्ट्रिय परिचयपत्रका लागि पाँच स्थान थप

**काठमाडौं/मस–** राष्ट्रिय परिचयपत्रको आवेदन र वितरणको काममा ढिलासुस्ती भइरहेको भन्दै आलोचना भएपछि सरकारले काठमाडौंमा थप पाँच स्थान तोकेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को चासोपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले थप नयाँ केन्द्र स्थापना गरी आवेदन प्रक्रियालाई सहज बनाएको हो ।



विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितका अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौं र ललितपुरका अलावा नारायणहिटी दरबार परिसर, राष्ट्रियसभागृह, विभागकै परिसरमा आवेदन दिन सकिनेछ । विभागका अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बागमती प्रदेशका ललितपुर र भक्तपुर बाहेकका सबै जिल्ला तथा मधेश प्रदेशका पर्सा र धनुषाका सेवाग्राहीले आवेदन दिनसक्ने व्यवस्था गरिएको छ ।

यस्तै, जिल्ला प्रशासन कार्यालय ललितपुरमा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका सबै जिल्ला र मधेश प्रदेशका सप्तरी, सर्लाहीका जिल्लाका सेवाग्राहीले आवेदन दिन सक्नेछन् ।

त्यस्तै, नारायणहिटी दरबार परिसरमा कोसी, लुम्बिनी र गण्डकी प्रदेशका सबै जिल्ला र मधेश प्रदेशका सिराहा, महोत्तरी, बारा र रौतटहका सेवाग्राहीले आवेदन दिनसक्ने व्यवस्था मिलाइएको महानिर्देशक पण्डितले जानकारी दिए । यस्तै विभाग परिसरमा नेपाल सरकार तथा मातहतका कर्मचारी, पूर्व कर्मचारी तथा विशिष्ट पदाधिकारीले आवेदन दिनसक्नेछन् ।

त्यस्तै, राष्ट्रियसभा गृह प्रदर्शनीमार्गमा राष्ट्रसेवक कर्मचारीका परिवारले आवेदन दिन सक्नेछन् । हाल देशैभरिका ७७ वटै जिल्ला प्रशासन कार्यालय र ४२ वटा इलाका प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्रको आवेदन दिन सकिन्छ । परिचयपत्रको विवरण प्रविष्ट गर्नका लागि नागरिकताको प्रमाणपत्र, बसाइँसराइ गरी आएकाको हकमा बसाइँसराइको सक्कल प्रमाणपत्र, विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्रको सक्कल र कर्मचारी भए कार्यालयको सिफारिश र पूर्व कर्मचारी भए पेन्सन पट्टा आवश्यक पर्नेछ ।

राष्ट्रिय परिचयपत्र आवेदन तथा वितरणको कामलाई प्रभावकारी बनाउन र गति दिन प्रधानमन्त्री दाहालको निर्देशनपछि विभागले तदारुकता देखाएको छ । गृह मन्त्रालयको कार्यभारसमेत प्रधानमन्त्री दाहालले नै सम्हालेका छन् ।

### उतार...

नागरिकतासम्बन्धी विधेयक प्रमाणीकरण गरिनन् । राष्ट्रपतिलाई कार्यकारी अधिकार नभए पनि उनले त्यसबेला सरकारले गरेको सिफारिस कार्यान्वयन गरिनन् ।

संसद्बाट दोहोऱ्याएर पारित भई प्रमाणीकरणका लागि पठाइएको नागरिकता विधेयक प्रमाणीकरण नगरेपछि उनी विवादमा तानिएकी हुन् । संवैधानिक समय सीमाभित्र विधेयकबारे कुनै निर्णय नगरी राष्ट्रपतिले नयाँ कानून बन्ने बाटो तत्कालका लागि रोकिदिएपछि त्यसविरुद्ध सर्वोच्च अदालतमा परेको रिट विचाराधीन छ ।

नागरिकता विधेयक प्रमाणीकरण नगर्ने उनको कार्यलाई पनि कतिपयले एमालेको पार्टी नीतिसँग जोडे । एमालेले वैवाहिक अंगीकृत नागरिकता ७ वर्षपछि मात्रै जारी हुनुपर्ने अडान राखेको थियो । ७ वर्षे प्रावधान नरहेको नागरिकता विधेयक रोकेर राष्ट्रपतिले राष्ट्रियताका पक्षमा अडान लिएको भन्दै एमालेका नेता र कार्यकर्ताले उनको प्रतिरक्षा गरे ।

नागरिकता विधेयक प्रकरण अगाडि पनि उनका कार्यलाई लिएर गम्भीर प्रश्नहरु उठेका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ पुस ५ गते प्रतिनिधिसभा विघटन गरी नयाँ चुनावको घोषणा गर्न गरेको सिफारिसलाई केही घण्टाभित्रै सदर गरिदिएपछि उनको भूमिकाको आलोचित बनेको थियो । पार्टीभित्रको विवाद बढेपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरी नयाँ चुनावको घोषणा गर्न गरेको सिफारिसलाई केही घण्टाभित्रै सदर गरिदिएकी थिइन् ।

दोस्रोपटक ओलीले गरेको सिफारिस अनुसार २०७८ जेठ ८ गते मध्यरातमा संसद् विघटनलाई सदर गरेपछि भण्डारीले चौतर्फी आलोचना खेपिन् । दोस्रो पटक संसद् विघटनको सिफारिस ओलीले रातको १२ बजेपछि गरेका थिए भने राष्ट्रपतिले त्यसको एक घण्टाभित्रै सदर गरेकी थिइन् ।

राष्ट्रपतिको उक्त कार्यप्रति विपक्षी दलसहित नागरिक समाजले समेत कडा आलोचना गरेका थिए । उनीहरूले राष्ट्रपतिले निष्पक्ष भूमिका खेल्न नसकेको बताएका थिए । त्यस बेला पूर्वप्रधानन्यायाधीशहरूले समेत उनको आलोचना गरेका थिए भने केहीले त उनीमाथि महाभियोग लगाउनुपर्ने माग समेत गरेका थिए ।

राष्ट्रपति भण्डारीले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को विवाद मिलाउन संलग्न भएको आरोपसमेत खेप्दै आएकी छन् । नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाभित्रको विवाद उत्कर्षमा पुगेका बेला तटस्थ भूमिका बस्नुपर्ने राष्ट्रप्रमुखले नेताहरुलाई शीतलनिवासमा बोलाएर पार्टीको विवाद मिलाउन खोजेकी थिइन् ।

नेकपाभित्रको विवाद चरमोत्कर्षमा पुगेका बेला राष्ट्रपति भण्डारीले उक्त दलका नेताहरूलाई राष्ट्रपति कार्यालयमा सामूहिक रूपमा भेटेकी थिइन् । उनले २०७७ असारमा तत्कालीन नेकपाका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्रीत्रय पुष्पकमल दाहाल, माधवकुमार नेपाल र झलनाथ खनाललाई राष्ट्रपति कार्यालयमै भेटेकी थिइन् । तत्कालीन पार्टी अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री ओलीले 'राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने षड्यन्त्र भइरहेको' दाबी समेत गरेका थिए । यद्यपि एमाले नेताहरूले यस आरोपको खण्डन गर्ने गरेका छन् ।

राष्ट्रपति कतै सवारीमा निस्कँदा राजाका पालामा जस्तै जाम हुने र जनताले सास्ती व्यहोर्ने जनगुनासो पनि भण्डारीले ७ वर्षे कार्यकालमा निरन्तर सुनिरहिन् । आफ्नो सात वर्षे कार्यकालमा यो जनगुनासोको कुनै सम्बोधन नभए पनि नेपालको प्रथम महिला राष्ट्रपतिका रुपमा इतिहास लेखन गर्न भने भण्डारी सफल भएकी छन् ।

संविधानविद विपिन अधिकारीका नेपालमा 'तटस्थ' भूमिकामा रहनुपर्ने संस्थाहरू आलोचित हुनुमा विभिन्न कारण देख्छन् । कारणहरुलाई केलाएर आगामी दिनमा त्यस अनुसारको तटस्थ भूमिका निर्वाह गर्ने वातावरणका लागि सबै जिम्मेवार हुनुपर्ने उनलाई लाग्छ ।

एकातर्फ त्यस्ता संस्थाहरूप्रति जनस्तरमा विश्वास कम हुने र अर्कोतिर असल अभ्यास र परम्परा बसाउन नसक्ने गरी कुनै पनि संस्था अगाडि बढ्न नहुने र राष्ट्रपतिका हकमा पनि यही लागू हुने उनको भनाइ छ । उनी भन्छन्, 'राष्ट्रपतिका कतिपय आलोच्य कामले पनि कानुनी वैधता त पाउला तर, राजनीतिक वैधता (लेजिटमसी) गुमाउँ, जनविश्वास पनि खण्डित हुन्छ ।'

जनता समाजवादी पार्टी (जसपा)का सांसद प्रदीप यादव त भण्डारीको ७ वर्षे कार्यकाललाई हेरेर राष्ट्रपतिको अन्तरनीहित अधिकार र विशेषाधिकारबारे नवनिर्वाचित संसदमा छलफल हुनुपर्ने बताउँछन् । दुई पटकसम्म संघीय संसदले पारित गरेर पठाउँदा समेत राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण नगरिदिएको उल्लेख गर्दै उनी भन्छन्, 'राष्ट्रपतिको भिटो अधिकारबारे नवनिर्वाचित संसदमा छलफल हुन जरूरी छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार जहाँ राजनीति गर्नुपर्ने हो त्यही गरिनुपर्ने मत राख्छन् । उनी भन्छन्, 'जहाँ राजनीति गर्ने हो त्यहाँ गरौं । तर जहाँ राजनीति नगर्नुपर्ने छ त्यहाँ सबै मिलौं । राष्ट्रपति सम्मानित हुनु भनेको गणतन्त्र पनि थप बलियो गरी संस्थागत हुने हो ।'

प्रथम राष्ट्रपति डा. रामवरण यादवका सञ्चार विज्ञ राजेन्द्र दाहाल नेपालको संविधानले राष्ट्रपतिले ' गल्ती गर्दैन' भन्ने परिकल्पना गरेको र गल्ती गरेको आभाष हुँदा विगतमा राष्ट्रपतिको कदमलाई लिएर प्रश्न उठेको बताउँछन् । उनी भन्छन्, 'राष्ट्रपति जस-अपजसबाट बाहिर छ, उसले गरेका सबै काम कार्यकारीले वहन गर्छ भन्ने हो । तर, अभ्यासमा विवादित काम राष्ट्रपतिबाट भएकाले नागरि कस्तरमै राष्ट्रपतिको अधिकार क्षेत्रबारे चासो हुन थालेको छ ।'

पूर्व राजदूत विजयकान्त कर्ण राष्ट्रपतिको भूमिकाको विषयमा दलहरु सतर्क हुनुपर्ने बताउँछन् । उनी भन्छन्, 'दलहरूले नै राष्ट्रपतिलाई राजनीति गर्ने मौका दिए । यसमा उहाँलाई रोक्नका लागि राष्ट्रपतिको अधिकारसम्बन्धी नियम-कानून बनाएर, संसदले पास गरेको विधेयक स्वतः कानून बन्छ भनेर भनेको भए हुन्थ्यो ।'

राष्ट्रपतिको अधिकार सम्बन्धी कानून नभएका कारण वर्तमान राष्ट्रपतिले 'सरकारका विभिन्न निकायलाई बोलाएर वार्ता गर्ने, सेनाका जर्नेललाई बोलाएर छलफल गर्ने, सरकारलाई थाहा नै नदिइकन विदेशी सञ्चारमाध्यमलाई अन्तर्वार्ता दिने' जस्ता कार्य गरेको उनलाई लाग्छ । उनी थप्छन्, 'यो संस्थाले नेपालमा द्वैध शासनको झल्को दिन थाल्यो । पञ्चायतकालमा दरबार र सिंहदरबारको द्वैध शासन देखिए जस्तो भयो ।'

### राष्ट्रिय...

राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक रोकेकी थिइन् । संघीय संसदले दुई पटकसम्म पारित गरेर पठाउँदा पनि प्रमाणीकरण नगरेको भन्दै राष्ट्रिय सभा उपाध्यक्ष अर्यालले राष्ट्रपति भण्डारीको आलोचना गरेकी हुन् । नागरिकता विधेयक दुई-दुई पटक पठाउँदा पनि रोक्नु पीडादायक भएको उनको भनाइ छ । 'नयाँ हिसाबले सोचेर, भनेर एकचोटी फर्काउनुभयो, ठीक छ । दोस्रो पटक आइसकेपछि उहाँ त संवैधानिक पदमा रहेको व्यक्ति हो नि । मैले यहाँ डिक्टेट गर्न मिल्छ त ? मिल्दैन नि' उनले अगाडि थपेकी छन् । राष्ट्रपति पार्टीभन्दा माथि उठ्नुपर्ने उनको भनाइ छ ।

### देश...

देखापर्नसक्ने आर्थिक मन्दीको प्रभाव हो । हाल बैंकहरुले कुल ४८ खर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् । त्यसको ५ प्रतिशत कानून बनेर जाँदा रिजेक्ट गर्नु त भएन नि, ' अर्यालले बिहीबार पत्रकार हरुसँग भनिन् । लघुवित्तमार्फत परिचालन भएको छ । बैंकले त्यसरी प्रवाह गरेको कर्जा नउठ्ने सम्भावना बढेसँगै ठूला बैंकमा पनि यसको प्रभाव देखिनेछ' उनले भने । कोरोना महामारी र तरलता अभावको बेलामा सर्वसाधारणसँग पैसा नभएको मौकामा लघुवित्त कम्पनीहरुले नाजायज फाईदा उठाउँदै ऋण लगानी गरेपछि यो अवस्था देखापरेको उनको भनाइ छ ।

राष्ट्र बैंकको नियम अनुसार बैंकको खराब कर्जा कुल कर्जा प्रवाहको ५ प्रतिशतभन्दा तल हुनुपर्छ । तर अहिले बैंकको खराब कर्जा ५ प्रतिशतको हाराहारीमा पुगिसेको छ । प्रवाह गरेको ऋण नउठेमा बैंकिङ प्रणाली नै खतरामा जाने बैंकर मनोज न्यौपाने बताउँछन् ।

'हाम्रो अर्थतन्त्र यतिबेला डिलमा पुगेको छ । लघुवित्त धराशायी हुँदा त्यसको चेन ईफेक्ट वाणिज्य बैंकमा सबैभन्दा बढी देखिन्छ, जसले नेपालको समग्र बैंकिङ्ग प्रणाली नै धराशायी नहोला भन्न सकिँदैन' उनले भने । राष्ट्र बैंकले गरेको अध्ययन सर्वेक्षण अुनसार लघुवित्त संस्थाबाट ऋण लिएका घरपरिवारमध्ये ७० प्रतिशतले एकभन्दा बढी संस्थाबाट ऋण लिएको देखाएको छ ।

सेवाशुल्क बढी लिने, ऋणीलाई कुनै तालिम वा प्रशिक्षण नदिइकनै ऋण प्रवाह गर्ने, लघुवित्त कानूनविपरीत ऋण लगानी गर्ने लगायतका गतिविधिले मारमा परेको भन्दै ऋणीहरुपनि आक्रोशित भइरहेका छन् । तथ्यांक नै हेर्ने हो भने पनि एउटै ऋणीले ३९ वटा लघुवित्त वित्तीय संस्थाहरुबाट कर्जा लगेका छन् । जसको विरोधस्वरुप लघुवित्त संस्थाहरु खारेजै गर्नुपर्ने, ऋण तिर्न नसक्ने, ऋण मिनाहा गर्नुपर्ने लगायतका मागहरु समेत उठ्न थालेका छन् । त्यतिमात्रै होइन, लघुवित्तबाट लिएको ऋण तिर्न नसक्दा कतिपय व्यवसायीले आत्महत्यासम्मका बाटो अवलम्बन गर्न बाध्य भएका छन् । वित्तीय साक्षरता, वित्तीय पहुँच, गरीबी निवारण जस्ता विषयको उठान गरेर ग्रामीण उत्थानको नाममा सञ्चालित लघुवित्तहरु एकपछि अर्को धराशायी बनेपछि यसको प्रत्यक्ष असर वाणिज्य बैंकमा पर्ने भएको छ । आगामी दिनमा उक्त अवस्था आउन नदिन राष्ट्रबैंकले कडा निगरानी गर्ने र अन्य क्षेत्रमा सर्वसाधरणको पैसा लगानी गर्नेलाई कडा दण्डसजाय नगरे समग्र अर्थतन्त्र नै प्रभावित हुने देखिएको विज्ञहरु बताउँछन्

### यु-१९...

समेटियो । यूएईका लागि इथन डिसुजाले ६६ बलमा ५ चौकाको मद्दतमा सर्वाधिक ५० रनको योगदान दिए भने आर्यन सक्सेनाले ३४, आर्यन्स शर्माले ३२, अमर बदामीले १९, ध्रुव परासरले १७ तथा मारुफ मर्चेन्टले अविजित १२ रन बनाए । नेपालका लागि दिपेश कँडेलले पाँच तथा सुवास भण्डारी र हेमन्त धामीले समान दुई/दुई विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४८ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै एक सय ९१ रनको योगफल तयार गरेको थियो ।

नेपालका लागि कप्तान देव खनालले सर्वाधिक ५१ रन जोडे । उनले ८४ बलमा तीन चौका र एक छक्काको मद्दतमा ५१ रन जोडेका हुन । यसैगरी विशालविक्रम केसीले ३८, उत्तम थापा मगरले ३६, दिपेश कँडेलले १५, हेमन्त धामीले १३ तथा मिलन बोहराले १० रन बनाए ।

यूएईका लागि ध्रुव परासरले तीन, हरित सेट्टी र कप्तान आयन खानले समान दुई/दुई विकेट लिए । त्यस्तै हर्षित सेठ र अमर बदामीले समान एक विकेट लिए । नेपालले छनोट चरणको पाँच खेलमा पाँचै वटामा जित हासिल गरेको थियो । नेपालले पहिलो खेलमा सिङ्गापुरलाई ८६, दोस्रो खेलमा कुवेतलाई दुई सय ४३, तेस्रो खेलमा हङ्कङलाई ९ विकेट र चौथो खेलमा मलेसियालाई १० विकेटले पराजित गरेको थियो ।

यसैबीच, नेपाल क्रिकेट संघ (क्यान)ले विजेता टोलीका सदस्यलाई जनही एक लाख रुपैंया पुरस्कार दिने घोषणा गरेको छ ।

# पदमार्ग प्रचार–प्रसारमा गाउँपालिका

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १८ फागुन

लमजुङको दोर्दी गाउँपालिकाले पर्यटकीय प्रवर्द्धनका लागि नयाँ पदमार्ग पहिचान गरेको छ । गाउँपालिकाले 'भेडिगोठ सेल्टर' विकास गरी पदमार्गको प्रचारप्रसारमा जुटेको हो । बिहीबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीले गाउँपालिकाले चार दिनदेखि ११ दिनसम्मका पदमार्ग पहिचान गरेको जानकारी दिए । 'गाउँपालिकाअन्तर्गत पहिचान भएका पदमार्ग विल्कुलै नयाँ हुन्, मानवबस्ती र सडक सञ्जालभन्दा टाढा रहेका यी पदमार्गमा यात्रा गर्नेलाई नयाँ अनुभव प्राप्त हुनेमा विश्वास छ', उनले भने ।




उनका अनुसार दोर्दीको नौथरसेराबाट शुरु भइ इलम पोखरी, लिपेलेक हुँदै दाम्राङबाट फेरि नौथरसेरा झर्ने चार दिने पदयात्रा गर्न सकिन्छ । साथै नौथरसेराबाट इलमपोखरी, लिपे लेक, नौटाँचे, मुल्मचे, उखण्ड ताँजे नौथरसेरा आठ दिनको यात्रा गर्न सकिन्छ । नौथरसेरा इलम पोखरी, लिपेलेक, नौटाँचे, मुल्मचे, उखण्डबाट मेमे पोखरी, कुम्रो डाँडा बाह्र पोखरी हुँदै हिलेटक्सार, पुरानो दुवार वा पिसहिलतर्फबाट बेसी शहरसम्मको ११ दिनको पदयात्रा गर्न सकिन्छ ।

अध्यक्ष अधिकारीका अनुसार पदमार्गमा यात्रा गर्दा बाटैभरी लालिगुँरास, हनी हन्टिङ, छहरा तथा झरना, गुफा, गढीलगायत हिमश्रृङ्खलाको दृश्यावलोकन गर्न सकिन्छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा पर्यटन प्रवर्द्धनका लागि रु. ५९ लाख खर्च गरी काम शुरु गरिसकेको छ । जसमा हालसम्म पोखरी पुनःसंरचनाका साथै पदमार्गको पहिचान, प्रचारप्रसार तथा भेडिगोठलाई सेल्टरकारुपमा विकास गर्नका लागि काम गरिरहेको छ ।

पर्यटन व्यवसायी राजेन्द्र वस्तीले लमजुङ पर्यटन क्षेत्रको राम्रो सम्भावना भएको जिल्ला भएको र त्यसमा पनि दोर्दीमा पदमार्गको राम्रो र नयाँ सम्भावना रहेको बताए । उनले उक्त पदमार्गमा एक हजार नौ सय मिटरदेखि चार हजार मिटरसम्मको उचाइमा पुग्न सक्ने बताए ।

### कतारको...

गरिएको हय्या पोर्टलले जानकारी गराएको छ ।

सन् २०२४ को जनवरी २४ सम्म हय्या कार्ड भएका व्यक्ति कतार जान र बस्न पाउने नियम रहेको छ । त्यस्तै कतार गइसकेका व्यक्तिले फेरि कतार जान आफन्तको आवास वा होटेल बुकिङ गरेको प्रमाण प्लेटफर्ममार्फत स्वीकृत गर्नुपर्नेछ । हय्या प्लेटफर्ममार्फत कतार जान उक्त प्लेटफर्मबाट स्वीकृत भएको होटल बुकिङ वा आफन्तको आवास पत्र, कम्तीमा तीन महिना म्याद भएको राहदानी र एक वर्षको स्वास्थ्य बीमा गरिएको प्रमाण पेश गरेमा भिसा प्राप्त गर्न सकिने बताइएको छ ।

### जजिराले...

भैरहवाबाट उडान शुरू भएपछि गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशबाट वैदेशिक रोजगारमा जाने तथा वैदेशिक रोजगारबाट आउनेलाई सहज भएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट वैदेशिक रोजगारीमा जान सहज व्यवस्थाका लागि भैरहवा, पोखरा र सुर्खेतबाट सीमित संख्यामा श्रम स्वीकृति दिने व्यवस्था गरेको छ ।


**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**शिक्षा विकास निर्देशनालय**
**सामाजिक विकास कार्यालय, सल्यान**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः– २०७९/११/१९**

सामाजिक विकास कार्यालय सल्यानबाट मिति २०७९ माघ ९ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पूर्वक दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको नाम | बोलपत्र दाताको नाम | कबोल अंक रु. (मु. अ. कर बाहेक) |
|---|---|---|---|
| SDO/Salyan/Works/NCB/01/079–080 | शारदा मावि खलंगा सल्यानको भवन निर्माण कार्य | बि.एच.एम. कन्स्ट्रकसन शारदा ६ सल्यान | ५६,९१,६१३.९८ |

**कार्यालय प्रमुख**

# साइबर सुरक्षाबारे नीति बनाउन उच्चस्तरीय कार्यदल



**काठमाडौं/मस–** सरकारले साइबर सुरक्षाका क्षेत्रमा नीतिगत, कानुनी, संरचनागत र प्रक्रियागत सुझावसहित प्रतिवेदन तयार गर्न उच्चस्तरीय समिति गठन गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रस्तावमा फागुन १५ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार उच्चस्तरीय कार्यदल गठन गरिएको हो। कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्यालले जानकारी दिए।

सूचना प्रविधि विज्ञ जुद्धबहादुर गुरुङको संयोजकत्वमा रहेको कार्यदल सदस्यमा विज्ञ बाबुराम दवाडी, सरोज लामिछाने, मोना न्याछ्यो, प्रकाश रायमाझी र विजय गौतम रहेका छन् । कार्यदल सदस्यमा नेपाल प्रहरी र नेपाली सेनाका विज्ञ पनि सदस्य रहेका छन् भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रतिनिधिले सदस्य सचिवको भूमिका निर्वाह गर्नेछन् ।

मन्त्रालयमा एक कार्यक्रम गरी बिहीबार कार्यदललाई जिम्मेवारी प्रदान गरिएको छ । कार्यदललाई सम्बोधन गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पछिल्लो समय लगातार साइबर सुरक्षामाथि खतरा उत्पन्न हुन थालेपछि मन्त्रालय कानून र नीति निर्माणमा जुटेको उल्लेख गरिन् । उनले त्यसको तयारीका लागि कार्यदललाई महत्वपूर्ण जिम्मेवारी दिइएको बताइन् ।

निर्माणमा भएको सबै प्रविधिको नेपालमा प्रयोग गरिए पनि यसको उचित प्रयोग, व्यवस्थापन र नियमनमा नीति नबनाउँदा समस्या आएकाले साइबर सुरक्षा अहिले राज्यको प्राथमिकतामा रहेको मन्त्री शर्माले बताइन् । उनले साइबर सुरक्षाका क्षेत्रमा नीति निर्माण गरी बजेट तर्जुमा गरेर कार्यान्वयनमा लैजान सकिए नेपालको साइबर सुरक्षाको सवालमा महत्वपूर्ण काम हुने भएकाले सरकारले यसमा ध्यान केन्द्रित गरेको पनि बताइन् ।

मन्त्रालयका सचिव डा. अर्यालले यो सामान्य अध्ययन मात्र नभएर नेपाल सरकारको नीति कार्यक्रम र बजेटमै समावेश गर्ने सुझाव तयार पार्ने अध्ययन भएकाले कार्यदलको महत्वपूर्ण जिम्मेवारी रहने बताए ।

मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्को २०७९ फागुन १५ को बैठकबाट नेपाल सरकारका सबै निकायका तथ्यांक एवं सूचना प्रविधि प्रणाली सरकारी एकीकृत डाटा केन्द्रमा राखी व्यवस्थापन गर्ने र राष्ट्रिय सूचना प्रविधि केन्द्रले काठमाडौंमा रहेको सरकारी एकीकृत डाटा केन्द्र र हेटौंडामा रहेको डिजास्टर रिकभरी केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालन गरी चौबिसै घण्टा नेटवर्किङ र साइबर सुरक्षासम्बन्धी प्राविधिकले निगरानी गर्ने व्यवस्था मिलाउने भन्ने निर्णय गरेको थियो ।

गठित समितिलाई हालसालै एकीकृत डाटा केन्द्रमा देखिएका समस्या, समस्या आउनुका कारण, देखिएका कमीकमजोरी र समस्या समाधानका लागि भए गरेका कार्यको विस्तृत छानविन गर्ने, उक्त केन्द्रमा रहेका प्रविधि, प्रणाली र व्यवस्थापनको अवस्थाको विस्तृत अध्ययन गर्ने, भविष्यमा समस्या आउन नदिन प्राविधिक, मानवीय र व्यवस्थापकीय सुधारका उपाय पहिचान गर्ने र कार्य शुरु गरेको ३० दिनभित्र कार्यान्वयन कार्ययोजनासहितको प्रतिवेदन मन्त्रालयमा बुझाउने कार्यक्षेत्रगत सर्त तोकिएको छ ।

# ‘लामाबगर नाका खोल्न सार्थक पहल आवश्यक’



काठमाडौं/मस- राष्ट्रपति विद्यादेवी भण्डारीले दोलखा जिल्लासँग जोडिएको उत्तर-दक्षिण जोड्ने परम्परागत लामाबगर नाका खोल्नका लागि सार्थक पहलको आवश्यकता रहेको बताएकी छिन् । ग्रामीण विकास टुकी सङ्घद्वारा बिहीबार दोलखामा आयोजित प्रदर्शनी कार्यक्रममा राष्ट्रपति भण्डारीले सो नाका खोल्न सकेमा दोलखा हुँदै चीन र भारतसँग छोटो दूरीमा त्रिदेशीय यातायात सिधा सम्पर्क हुने र यसबाट समग्र नेपालकै विकासमा थप टेवा पुग्ने विश्वास व्यक्त गरिन् ।

‘प्राचीनकालदेखि नै दोलखा जलस्रोतमा धनी छ । स्वदेशी पूँजीमा निर्माण सम्पन्न भएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना र अन्य विद्युत् आयोजनाहरूमार्फत यो जिल्लाले देशको विद्युत् उत्पादनमा उल्लेख्य योगदान पुर्‍याएको छ । तामाकोसी तेस्रो जलविद्युत् आयोजनालाई शीघ्र कार्यान्वयनमा ल्याउन पहल गर्नु जुरुरी छ’, राष्ट्रपति भण्डारीले भनिन् ।

उनले भनिन्, ‘जैविक विविधताले भरिपूर्ण हिमाल, पहाड र बेंसीहरूको धनी दोलखा जिल्ला पर्यटकीय महत्वको जिल्ला पनि हो । हिमचितुवा र रेडपाण्डाजस्ता लोपोन्मुख जंगली जनावरको बासस्थान रहेको यहाँका वनजंगल र जडीबुटी समुदायको जीविकोपार्जनका स्रोत पनि हुन् । यसका साथै प्राकृतिक सुन्दरताले भरिपूर्ण रमणीय स्थलहरू, विविध जातजाति र समुदायका सांस्कृतिक सम्पदा, प्रसिद्ध ऐतिहासिक तथा धार्मिकस्थलहरू पर्यटन क्षेत्रका दरिलो आधार हुन् ।’

दोलखा भीमेश्वर मन्दिर, कालिञ्चोक भगवती मन्दिर, त्रिपुरासुन्दरी मन्दिरका साथै बिगु गुम्बा, चरिघ्याङ गुम्बालगायत बौद्धमार्गीहरूका विभिन्न गुम्बा धार्मिक पर्यटनका लागि महत्वपूर्ण गन्तव्यलाई प्रवर्द्धन र हिमाली तथा उच्च पहाडी क्षेत्रमा याक, चौंरी र भेडापालन व्यवसाय गर्ने किसानका समस्यालाई सम्बद्ध पक्षले उचितरूपमा सम्बोधन गर्न उनले आग्रह गरिन् ।

उच्च भेगमा गरिने पशुपालनका लागि चरिचरनमा सहजता, पशु बिमाको सुलभ व्यवस्था, उत्पादित वस्तुको ढुवानी र बिक्रीका लागि बजारको व्यवस्था गर्न सम्बद्ध निकायको ध्यान जानुपर्नेमा जोड दिँदै राष्ट्रपति भण्डारीले खाद्य उत्पादनका लागि बर्सेनि मलको अभाव खेपिरहेका किसानको मर्कालाई मध्यनजर गर्दै कृषि क्षेत्रमा विशेष सहुलियत र अनुदानको व्यवस्था हुनुपर्छ भन्ने जनआवाजलाई समेत सम्बद्ध पक्षले उचित ध्यान दिने विश्वास व्यक्त गरिन् । राष्ट्रपति भण्डारीले दोलखाको डाँडडुँगेडाँडामा अन्तर्राष्ट्रियस्तरको फिल्मसिटी निर्माण गर्ने आयोजनालाई सफल बनाउन पनि सम्बद्ध पक्षले आवश्यक पहल गर्नुपर्ने बताइन् ।

# चालु अधिवेशन अन्त्य




**कास्की/मस–** गण्डकी प्रदेश सभाको चालु अधिवेशन अन्त्य भएको छ। गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश प्रमुख पृथ्वीमान गुरुङले प्रदेश सभाको चालु अधिवेशन बिहीबार राति १२ बजेदेखि अन्त्य गरेका प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

दुई विधेयक प्रमाणीकरण

प्रदेश प्रमुख गुरुङले दुई विधेयक प्रमाणीकरण गरेका छन्। गण्डकी प्रदेश सभाबाट पास भई आएका गण्डकी प्रदेशको निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश प्रमुख गुरुङले प्रमाणीकरण गरेका प्रवक्ता अर्यालले जानकारी दिए।

# रौतहटमा सवारी चालक अनुमति पत्र सेवा विस्तार




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ फागुन

रौतहटमा सवारी चालक अनुमति पत्र सेवा विस्तार भएको गरिएको छ। जिल्ला सदरमुकाम गौरमा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बिहीबार सवारी चालक अनुमति पत्र सेवाको उद्घाटन गरेका हुन्।

रौतहटलगायत सर्लाही र बाराका सेवाग्राहीहरुलाई सेवा लिन सहज बन्ने भएको छ। यसभन्दा अगाडि सर्लाही, रौतहट, बारा लगायतका सेवाग्राहीहरु वीरगञ्ज अथवा बर्दिबास जानुपर्ने बाध्यता थियो। अब रौतहटसहित छिमेकी जिल्लाका सेवाग्राहीलाई सवारी साधनको लाइसेन्स लिन सहज हुने भएको छ। कार्यक्रममा मन्तव्य राख्दै पूर्व कृषि राज्यमन्त्री यादवले बाढीबाट हुने क्षति कम गर्नका लागि तटबन्धको राम्रो व्यवस्था गर्न आवश्यक रहेको बताए। मन्तव्यकै क्रममा नगर प्रमुख शम्भु साहले गौर नगरपालिकालगायत जिल्लामा स्वास्थ्य सेवाको समस्याका साथै प्रादेशिक अस्पतालमा आईसियुको आवश्यकता रहेको बताए। कार्यक्रममा बोल्दै उनले गुणस्तरीय शिक्षाको लागि दरबन्दीअनुसार दक्ष तथा अनुभवी शिक्षकको आवश्यकता रहेको बताए। साथै कृषकलाई समुचित मलखाद तथा सिंचाईको व्यवस्थाको गर्नुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा प्रमुख अतिथि एवम् मुख्यमन्त्री सरोज कुमार यादव, अतिथि पूर्व कृषि राज्य मन्त्री योगेन्द्र यादव, किशोरी देवी दास, नेकपा केन्द्रीय सदस्य अजय गुप्ता, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रलगायत कार्यालयका कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, समाजसेवी लगायतको उपस्थिति रहेको थियो।


## कुवेतमा रोजगार | कम्पनी : HAPPY MY ORDER CO FOR CONSUMER ORDER DELIVERY शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/११/१८ चलानी नं.: ६०१९७४१५ LT. No.: 282049

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light V.Driver | 15 | 0 | स. काममा दक्ष | 140 | ६०,०८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 1405/074/075

Chandra Kamana Manpower Pvt. Ltd.
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4542876, 4538339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## मलेसिया र UAE मा रोजगार कम्पनीः MADINA SECURITY SDN. BHD. शहरः Malaysia, Kuala Lumpur

पुर्व स्वीकृत मितिः २०७९/११/१८ चलानी नं.: ६०१९७३८१ L.T. No.: 281921

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः EAGLE EYE SECURITY SERVICES LLC शहरः UAE

पुर्व स्वीकृत मितिः २०७९/११/१८ चलानी नं.: ६०१९७४१६ L.T. No.: 282036

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guard | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Security Guard | 0 | 6 | | 1200 | ४३,०३२ | | | | | | | |
| 3. | Male Security Supervisor | 2 | 0 | | 2000 | ७१,७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1586/079/80

HIMALAYAN GORKHA HR SOLUTION PVT LTD
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660
Mobile: 9851168772 | 9849913982 | 9810274885
E-mail: himalaygorkha15@gmail.com | Website: www.himalaygorkhahr.com.np

## यूएईमा रोजगार | १. कम्पनी : SK SOLUTIONS FACILITY SERVICES LLC शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/०७/१७ चलानी नं.: ६०१९०४६४ LT. No.: 274747 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 2 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Forklift Operator | 1 | 0 | | 1800 | ६४,७६४ | | | | | | | |
| 3. | packer | 1 | 5 | | 1000 | ३५,९८० | | | | | | | |
| 4. | Security Guard | 4 | 0 | | 1800 | ६४,७६४ | | | | | | | |
| 5. | Stock Clerk | 10 | 0 | | 800 | २८,७८४ | | | | | | | |
| 6. | Waitress | 0 | 2 | | 800 | २८,७८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Young Manpower Pvt. Ltd.
P.Box: 26144, Battisputali-9, Kathamandu, Tel: 4483814, 4483815, 4483816, 4483817
Email:youngmanpower123@gmail.com
Govt Lic. No. 1047/073/074

## लुम्बिनी विकास कोष

लुम्बिनी, रुपन्देही, फोन नं. ०७१-४०४०४०

### बनस्पती एवम् नर्सरी सम्बन्धी सामान सप्लाईको सूचना

(सूचना प्रकाशित मिति २०७९।११।१९)

लुम्बिनी विकास कोषको बनस्पती शाखा अन्तर्गत आवश्यक मेशिन औजार एवम् औषधि लगायतका सामानहरु खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सप्लायर्सबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

**तपशील**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र रु. ३,०००।- तिरी कार्यालय समयभित्र लुम्बिनी विकास कोष, लुम्बिनीबाट बोलपत्र खरिद गर्न सकिनेछ।
२. खरिद भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजेभित्र कार्यालयको नाममा सम्बोधन गरी ठे.नं., कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी लुम्बिनी विकास कोषको प्रधान कार्यालय, लुम्बिनीमा दर्ता गराउनु पर्नेछ।
३. दर्ता भएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवम् खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तैपछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
५. बोलपत्रदाताले बोलपत्रकासाथ तपशीलमा उल्लेखित धरौटी रकम कोषको कुमारी बैंक लुम्बिनीको धरौटी खाता नं. २०३०२४५८३९२००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस कोषको नाममा जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत पेश गर्नुपर्नेछ। यसरी पेश भएको बोलपत्र जमानतको मान्य अवधि कम्तिमा १२० दिनको हुनुपर्नेछ।
६. अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र लुम्बिनी विकास कोषमा सम्पर्क राखी बुझ्न सकिनेछ।
७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
८. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।
९. कोषको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषमा सुरक्षित रहनेछ।
१०. सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवम् अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

| सि. नं. | ठेक्का नं. | कार्यविवरण | लागत अनुमान (भ्याट बाहेक) | धरौटी र कम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | 06 / LDT / NCB / 079/80 | Supply of Botanical Accessories for FY 2079/80 | २४,४९,८२५।- | ६५,०००।- | ३,०००।- |

## UAE मा वैदेशिक रोजगार | १. कम्पनीः CLEANCO CLEANING SERVICES CO. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/११/१८ चलानी नं.: ६०१९७४१२ L.T. No.: 281979

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 20 | स. काममा दक्ष | 800 | २८,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः AL BAHIYA TRADING AND SERVICES शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/११/१८ चलानी नं.: ६०१९७४११ L.T. No.: 281942

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 0 | 50 | | 1300 | ४६,६१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७

Al Secure Manpower Recruitment P. Ltd.
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१९ फागुन २०७९, शुक्रबार
3 March 2023, Friday

## सम्पादकीय

### प्राथमिकता भुलेका प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको अभिव्यक्तिकै कारण सत्ता गठबन्धन बदल्नुपरेको प्रष्टोक्ति दिएका छन् । राजधानीमा बिहीबार आयोजित एक कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले ओलीले प्रतिनिधिसभा विघटन ठीक थियो भन्ने अभिव्यक्ति दिएकै कारण गठबन्धन बदल्ने निष्कर्षमा पुगेको बताए । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललाई राष्ट्रपतिमा मतदान गर्नेबारे आठ दलीय गठबन्धनका सांसदहरूलाई प्रशिक्षण दिन आयोजित कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले लोकतन्त्र र संविधान रक्षाका निम्ति गठबन्धन बदलेको पनि बताए । पुस १० मा एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्ड राष्ट्रपतिको चुनावमा कांग्रेस नेतृत्वको गठबन्धनमा पुगेका हुन् । प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् बिस्तार चाँडै हुने पनि बताए ।

तर प्रधानमन्त्री प्रचण्डले जस्तोसुकै तर्क गरेपनि उनकै कारणले राजनीति अस्थिरतातिर बढेको छ । अहिले प्रचण्ड आफैले १६ मन्त्रालय सम्हालिरहेका छन् । प्रधानमन्त्री बनेको दुई महिना बढी भइसक्दा पनि प्रचण्डले मन्त्रिपरिषद्लाई पूर्णता दिन नसक्नुको मूल कारण सत्ता गठबन्धन बदल्नु थियो । प्रचण्डले फागुन १२ मा गठबन्धन बदलेपछि एमाले र राप्रपाका मन्त्रीहरूले सरकार छाडेका हुन् । त्यसअघि रास्वपाले सरकार छोडेको थियो । आफूलाई प्रधानमन्त्री बनाउने प्रमुख तीन दलले सरकार छोडेकाले प्रचण्ड एक्लैले अहिलेसम्म १६ मन्त्रालयको जिम्मेवारी लिनु परेको हो । एकपटक बनिसकेको प्रदेश सरकारहरू पनि फेरि बदलिने लगभग निश्चित छ । किनकि एमाले नेतृत्वको गठबन्धन हुँदा सात मध्ये चार प्रदेशमा एमाले, दुई प्रदेशमा माओवादी र एक प्रदेश सरकारको नेतृत्व जनता समाजवादी पार्टी (जसपा) ले लिने सहमति भएको थियो । त्यही सहमति बमोजिम प्रदेश सरकार बनिसकेको छ ।

तर प्रचण्डले गठबन्धन बदल्ने निर्णय लिएकै कारण सुदूरपश्चिम प्रदेश सरकार एक महिनामै बदलिएको छ । सत्ता गठबन्धन बदलिएकाले अब बाँकी प्रदेश सरकार बदलिने र मन्त्रिपरिषद्मा ठूलो हेरफेर हुनेपनि निश्चित छ । कतिपय प्रदेशको सभामुख र उपसभामुख पनि संभवतः कांग्रेस नेतृत्वको गठबन्धनले बदल्नेछ । जबकी यसबेला मुलुकलाई चाहिएको राजनीतिक स्थिरता हो । किनकि कोभिड महामारीबाट थलिएको अर्थतन्त्र  रूस र युक्रेनबीचको युद्धले झनै जर्जर बन्न पुगेको छ । अझ हामी जस्तो भूराजनीतिक अवस्थामा छौं र शक्ति राष्ट्रहरूबीच जुन प्रकारको प्रतिस्पर्धा चलिरहेको छ, त्यसका निम्ति मुलुकमा स्थीरताको खाँचो हो । प्रधानमन्त्री प्रचण्डले संविधान, लोकतन्त्र र राष्ट्रिय सहमति भन्दै राजनीतिक अस्थिरताकै बाटोमा हिँडेका छन् । जुन, लोकतन्त्र र संविधानका निम्ति खतरा हुन सक्छ ।

# भ्रष्टाचारको जालो र मोदी सरकार

*उद्योगी गौतम अदाणीका ३८ फर्जी कम्पनी र लाखौं करोडका फर्जी कारोबारबारे जब चर्चा भयो तब, मोदी सरकार अदाणीलाई कसरी क्लीन चिट दिने भन्ने हैरानीमा देखियो । उसले अदाणीलाई चोख्याउन आरोपमाथि विदेशीको षडयन्त्रसम्म भन्न पुग्यो ।*

अग्रलेख



● लोकनारायण सुबेदी

पछिल्लो समय 'फर्जी'को पर्याय बन्न थालेको भारतमा वर्षौंदेखि चल्दै आएका शेल(फर्जी) कम्पनीहरु, तिनका माध्यमबाट लाखौं करोडौंको अबैध कारोबार भइरहेको कुरा उजागर भएको छ । अनि त्यस्ता कारोबारी ठूला व्यवसायी गौतम अदाणीको प्रत्यक्ष समर्थन रहेको कुरा पनि बाहिरिएको छ । जसमा नियामक निकाय र छानबिन संयन्त्रहरुको मौनता जस्ता यावत कुराले वर्तमान भारत सरकार भ्रष्ट पूँजीपति र सरकारको साँठगाँठ कुन हदसम्म पुगेको रहेछ भन्ने प्रष्ट पार्दछ । भारतीय विश्लेषकहरुले 'भिक्टिम कार्ड' खेलेर यो तथ्य आम जनता र विश्वका सामु ढाकछोप हुन र लुक्न सक्ने पनि बताइरहेका छन् । अहिले जुन ३८ सेल कम्पनीहरु अदाणीका सहयोगी रहेका छन् र लाखौं करोडौंको फर्जी कारोबार गरिरहेका छन् ती लुक्न सक्छन् र भन्ने कुरामा चिन्ता व्यक्त गरिएको छ ।

तर, बिडम्बनाको कुरा भारतमा जब कुनै व्यवसायिक समूहमाथि भ्रष्टाचारको आरोप लाग्छ, त्यसबेला त्यसको बचाउ ती व्यवसायी स्वयम्ले होइन सरकार नै अघि सर्दछ । जुन सरकारको जिम्मेवारी त्यस्ता घोटालाहरुको छानबिन गरेर के सुनिश्चित गर्ने हुनु पर्दथ्यो भने कुनै गडबडी भएको हो होइन ? तर, भारतको मोदी सरकार त कुनै छानबिन नगरिकनै मुखैले घोटालाकारीहरुलाई 'क्लिन चिट' दिएर महाघोटालाको ढाकछोप गर्न दृढतापूर्वक लागिरहेको छ । भारतका विश्लेषक अध्येताहरु भन्दछन्- अडानी घोटालमा मोदी सरकारले जुन मनपरी र तानाशाहीपूर्ण तानाबाना बुनिरहेको र  अख्तियार गरिरहेको छ त्यसले भारतीय लोकतन्त्रलाई बन्धक बनाउने कुरा पक्का छ । त्यससम्बन्धि धेरैजसो कुरा त मानिसहरुलाई पहिलादेखि नै थाहा हुँदै आएको हो । एकजना उद्योगपति जसको विमानबाट प्रधानमन्त्री दिल्ली आउने गर्दछन्, उसको सम्पत्ति आठ वर्षमा ४० हजार करोड रुपैयाँबाट बढेर १२ लाख करोड कसरी हुन पुग्यो यो कुनै रहस्यको कुरा होइन । आम जनताले पनि यो रहस्यलाई निकै राम्रैसँग जानेको उल्लेख गरिँदैछ । यस महाघोटाला सम्बन्धि पछिल्लो प्रतिवेदन आउनुभन्दा पहिला के कुरा सार्वजनिक चर्चाहरुको केन्द्रमा रहेको थियो भने यो सरकार गौतम अदाणीलाई फाइदा दिलाउनका निम्ति विद्यमान कानुनसम्म बदल्न तयार हुन्छ र बदल्छ ।



सन् २०१७ मा 'द वायर' नामको वेबसाइटले एक प्रतिवेदनको माध्यमले के दाबी गरेको थियो भने केन्द्र सरकारले गोप्य तरिकाले 'स्पेशल इकोनोमिक जोन'सँग सम्बन्धित नियमहरुलाई बदलेर अदाणी समूहरुको एउटा कम्पनीलाई ५०० करोड फाइदा दिलायो । त्यो वेबसाइटविरुद्ध मुद्दा दायर गरिए पनि त्यो प्रतिवेदन अहिलेसम्म इन्टरनेटमा भेटिन्छ । अदालतले पनि त्यस प्रतिवेदन (रिपोर्ट) का तथ्यहरुमा सत्यता भएको बताएको थियो ।

कुनै बेला कालोधनका बारेमा निकै कुरा उछाल्ने र चिच्याउने सत्ताधारी भारतीय जनता पार्टी आज कालो धनको प्रश्नमा एकदमै मौन किन छ भन्ने प्रश्न खडा भएको छ । के भारतले यो जान्नु पर्दैन कि मरिशस, साइप्रस, यूएई र कालो धनको स्वर्ग भनिने गरेका यस्तै अरु देशहरुमा चलिरहेका ती ३८ फर्जी कम्पनीहरु कसका हुन् ? के भारतलाई यो कुरा पनि जान्ने बुझ्ने हक छैन कि ती कम्पनीहरु आफ्ना १०० प्रतिशतसम्म पूँजी अदाणी समूहमा किन झोंकिरहेको छ ? के भारतले यो पनि जान्ने हक छैन कि ती कम्पनीहरुमा क-कसको लगानी (पैसा) लगाइएको छ ? अनि के भारतलाई यो कुरा पनि जान्ने हक छैन कि ती कम्पनीहरुको माध्यमबाट भारतीय अर्थव्यवस्थामा धकेलिँदै गरेको लाखौं करोडको कालो धन कसको हो ? अनि के यो वित्तीय आतंकवाद भारतको राष्ट्रिय सुरक्षा र अर्थव्यवस्थासँग खेलबाड होइन र ? त्यहाँ यस्ता गम्भीर प्रश्नहरु उठाइँदैछन् ।

> *भारतमा जब कुनै व्यवसायिक समूहमाथि भ्रष्टाचारको आरोप लाग्छ, त्यसको बचाउमा ती व्यवसायी स्वयम्ले होइन सरकार अघि सर्दछ । सरकारको जिम्मेवारी त्यस्ता घोटालाहरूको छानबिन गरेर गडबडी हो होइन स्पष्ट पार्नुपर्थ्यो । तर, मोदी सरकारले छानबिन नगरिकनै मुखैले घोटालाकारीहरूलाई 'क्लिन चिट' दिने गरेको छ ।*

वास्तवमा यतिबेला भारतमा सबैभन्दा ठूलो प्रश्न, त्यो घोटाला प्रकट हुने बित्तिकै भारतीय जनता पार्टी यसको बचाउमा किन उत्रियो ? के भाजपा र यस घोटालाका बीचमा कुनै सम्बन्ध छैन ? यदि छैन भने त भ्रष्टाचारका आरोपहरुबाट घेरिएका पूँजीपतिलाई बचाउ भारतको मोदी सरकारले किन खुलमखुल्ला हिसाबले समर्थन गरिरहेको छ ? हुन त भारतमा यो घोटालालाई विदेशी षडयन्त्र भनेर यसलाई भड्काउने वा अन्यत्र मोड्ने प्रयत्न पनि भइरहेको भारतका विश्लेषकहरुले औंल्याएका छन् । उनीहरुले भनेका छन् कि भाजपाले 'भिक्टिम कार्ड' खेलिरहेको छ । उनीहरु प्रश्न गरिरहेका छन् के गौतम अदाणी विदेशी हुन् ? उनका सूचिकृत सात कम्पनीहरु विदेशी हुन् ? के भारतीय बजारको डुबिसकेको १०-१२ लाख करोड रुपैयाँ विदेशी हो ? के उनका कम्पनीहरुमा लगानी गरिरहेका भारतीय लगानीकर्ताहरु विदेशी हुन् ? के उनको समर्थन गरिरहेको भाजपा विदेशी हो ? के गौतम अदाणीलाई बचाइरहेको भाजपाको सरकार विदेशी हो ? जब सबै कुरा देशमै भइरहेको छ भने यो विदेशी षडयन्त्र के कसरी हो ? मोदी सरकार जवाफ दिन सक्ने अवस्थामा छैन । किनकी उसका जिकिरमा कुनै तथ्य भेटिन्न ।

अनौठो कुरा के छ भने यो घोटालाको रहस्यको उजागर हुँदै गएपछि भारतका सञ्चारमाध्यमहरुमा स्वतन्त्ररुपले यसको कुनै छानबिन भएको छैन । भारतीय सञ्चारमाध्यमहमरुले आफ्नो विवेकले केही भन्नुको साटो मौन रहेर यही बताउने काम चुनेको देखिन्छ कि कसले के भन्यो ? सञ्चार माध्यम र सामाजिक सञ्जालहरुमा तिनै कुरा प्रमुखताका साथ चलाइँदै गरेको देखिन्छ, जुन कुरा भारतीय जनता पार्टी भन्न चाहिरहेको छ र थप झूट भारतीय जनतालाई हो हो जस्तो लाग्ने गरी चलाउन र अल्मल्याउन चाहिरहेको छ । त्यस प्रकारको स्थितिले गर्दा के प्रश्न पनि उठाइँदै छ भने के अब भारतमा केवल एक विचार यत्तिका प्रभावशाली हुनेछ कि त्यसको आडमा राष्ट्रको खजाना पनि लुटिने छ ? के अब भारतमा केवल भाजपाको कुरा मात्र मानिने छ ? चाहे त्यहाँ लाखौं करोडौंको भ्रष्टाचार हुने गरेको किन नहोस् ?

विश्लेषकहरु भन्दछन् कि भारतका विरुद्ध अनर्गल प्रचार प्रसार र भारतलाई अस्थिर तुल्याउने कुनै पनि वाह्य षड्यन्त्रलाई मुखभरीको जवाफ दिनै पर्दछ, जसमा कुनै दुईमत नै छैन । तर, विदेशी षड्यन्त्रको बहानमा कुनै पनि लूटका लागि छुट दिन सकिँदैन । तर, भारतीय जनता पार्टीको सरकारले यत्रो ठूलो महाघोटालाको आरोपमा त्यसलाई ढाकछोप गर्न जे-जस्तो किसिमको जोर जबर्जस्ती अपनाइरहेको छ, त्यसलाई केलाई रहेका अर्थविद्हरु कति मात्र भन्न सकिन्छ भनिरहेका छन् भने भारतको अर्थव्यवस्था, त्यहाँका संशाधनहरु तथा सम्पत्तिहरु ऋण गम्भीर संकटमा धकेलिएका छन् । उनीहरु जनतालाई सचेत तुल्याइरहेका छन् कि भारतीय जनताले यस कुराको यथार्थ वास्तविकता बुझ्नु अत्यन्तै जरुरी भइसकेको छ । कस्तो किसिमले कथित देशभक्तिको आडमा देशका समग्र संशाधनहरुमाथि लुटपाट चलिरहेको छ । जनताले स्पष्ट हुन आवश्यक छ, भाजपाको अवस्था के हो ?

## सामाजिक सञ्जाल



**- फणिन्द्र नेपाल**

नेपालका गाउँसहर जतासुकै निर्माण परियोजना सञ्चालन गर्ने सुविधा पाएको इन्डियाली दूतावासले मुस्ताङको बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाभित्र 'मुस्ताङ बौद्ध कलेज' खोल्ने तयारी गरेको छ । रणनीतिक महत्वको तर, नेपाल सरकारले निषेधित क्षेत्र घोषणा गरेको ठाउँ नै इन्डियाले किन रोज्नुपऱ्यो ?



**- राधाकृष्ण कटवाल**

संघीयता विरोधी भनेर २० सिट ल्याएको रास्वपाले पनि सातै प्रदेशमा प्रदेश समिति गठन गरेछ । सायद लोभीपापी रास्वपाका नेताहरूमा प्रदेशमा उम्मेदवारी नउठाएकोमा ठूलो पश्चाताप होला ! अर्को संघीयता विरोधी पार्टी राप्रपाले त मुख्यमन्त्री नै दाबी गर्दै थियो । 'मुखमा राम-राम बगलीमा छुरा' ।



**- बिराट अनुपम**

संघको सांसद हुँदा सुधन किराँतीले आफ्नो मातृ भाषामा होइन खस नेपाली भाषामै सपथ लिए । आज पहिचानको राजनीति गर्ने माओवादीले साथमा प्रदेश १ को नाम 'कोशी' राखियो । माओवादीको पहिचान आन्दोलनको अवतरण माओवादीबाटै यसरी भयो !



**- ज्ञान बस्नेत**

मुस्ताङको युरेनियममा धेरैको आँखा लागेको छ । छिमेकी राष्ट्रहरूसहित अरू शक्ति राष्ट्रहरूले विभिन्न बाहनामा कब्जा गर्ने रणनीति अख्तियार गरेको देखिन्छ । मुस्ताङ सामरिक दृष्टिले संवेदनशील भूगोल हो । त्यो ठाउँमा सुरक्षा बढाउनु पर्छ । विदेशीहरूको लागि 'नो गो जोन' घोषित गर्नुपर्छ ।



**- मनिष प्याकुरेल**

सिक्किम बिलय गराउँदा भारतीय खुफिया एजेन्सी रअले बहुमत सांसद पुऱ्याउने, सदनलाई घेरामा पार्ने, राजदरबारको फोनसमेत काट्ने र सिक्किम राजपरिवारलाई विदेशमा शरण लिन समेत रोकेको थियो । नेपालको सन्दर्भमा पनि रअले त्यही गरिरहेको त छैन ? अहिलेको सरकार त्यसको मतियार भएको छैन ?

# राष्ट्रपतिको निर्वाचन र राप्रपाको बाटो

विचार



● जनकराज पाठक

> विचार र सिद्धान्तबाट स्खलित दल र तिनीहरुका प्रतिनिधिबाट प्रजातन्त्र सुरक्षित रहन सक्दैन । विषय राष्ट्रपति को हुने मात्र होइन, प्रजातन्त्र सुरक्षित रहने वा नरहने पनि हो । शक्ति प्रयोगबाट अभ्यस्त दलगत प्रतिनिधिलाई राष्ट्र प्रमुख बनाउँदा उनीहरु पटक-पटक आफ्नो दलगत स्वार्थमा केन्द्रित रहेका उदाहरणहरु छन् र विवादित पनि छन् ।

मुलुकमा जसरी व्यवस्था परिवर्तन भयो, त्यो कुनै कोणबाट पनि सही थिएन । त्यसमा जालझेल, धोकाधडी र विदेशीको भूमिका पनि जोडिएको छ । त्यही समग्र प्रक्रियाबाट अहिलेको व्यवस्था र समग्र संरचना बनेको हो । आज त्यही व्यवस्थाभित्र संविधानले 'सेरेमोनियल' मानेको राष्ट्रपति पदको लागि निर्वाचन हुँदैछ । तर, आज राष्ट्रपति निर्वाचनको लागि भइरहेको प्रक्रिया, बनेका, भत्किएका र फेरि बनेका गठबन्धन राजनीतिक निकासको लागि नभई केवल राजनीतिक स्वार्थ पूरा गर्ने दाउपेचको लागि मात्रै भइरहेको छ । यस्तोमा व्यवस्थाकै विकल्पमा प्रस्तुत राप्रपा कहाँ उभिने बहस चलिरहेको छ ।

राष्ट्रपति आलंकारिक पद हो, आलंकारिक पद भनेको कार्यकारी अधिकार प्राप्त संस्थाले गरेका निर्णयहरु अनुमोदन गर्ने मात्र हो । सक्रिय जीवन राजनीतिमा व्यथित गरेका र शक्तिको सदैब प्रयोग गर्दै आयका व्यक्तिहरुलाई सेरेमोनियलरूपमा राख्न सकिँदैन । सिरकले छोपेर राख्दैमा बिरालोले म्याउ नगर्ने हैन । तसर्थ, विगतमा झैं अहिलेको राष्ट्रपति पनि राजनीतिकरूपमा निरपेक्ष बस्न कदापि सक्दैनन् र यो अभिभावकीय संस्था हुन सक्दैन । जो विचारले नै राजनीतिभन्दा माथि उठेको छैन ।

संविधानको संरक्षक र पालकको रूपमा रहेको राष्ट्रपतिको पद र भूमिका विगतमा पनि निष्पक्ष थिएन र भविष्यमा पनि हुने देखिन्न । अहिले जो व्यक्तिहरुलाई राष्ट्रपतिमा प्रतिस्पर्धा गराइँदैछ, उनीहरु जीवनभर शक्तिको प्रयोग गरिआएका व्यक्तिहरु नै हुन् । तिनीहरुबाट निष्पक्षताको आशा गर्नु मुर्खता हुन्छ । विचार र सिद्धान्तबाट स्खलित क्रियाशील दल र तिनीहरुका प्रतिनिधिबाट प्रजातन्त्र पनि सुरक्षित रहन सक्दैन । विषय राष्ट्रपति को हुने मात्र हैन प्रजातन्त्र सुरक्षित रहने, नरहने पनि हो । शक्ति प्रयोगबाट अभ्यस्त दलगत प्रतिनिधिलाई राष्ट्र प्रमुख बनाउदा उनीहरु पटक-पटक आफ्नो दलगत स्वार्थमा केन्द्रित रहेका उदाहरणहरु छन् र विवादित पनि छन् । त्यसैले दलभन्दा माथि उठेको संस्था राष्ट्र प्रमुखमा रहनुपर्ने आजको आवश्यकता हो ।

यस परिवेशमा राप्रपाले राष्ट्रप्रमुखमा राजसंस्था रहनुपर्छ भनि गर्दै आएको वकालत थप सान्दर्भिक देखिएको छ । संविधानको परिधिभित्र रहनेगरी निष्पक्ष संस्थाको रूपमा राजसंस्थालाई स्थापना गर्न सकियो भने यसले प्रजातन्त्रलाई मजबुद बनाउँछ । आज यही विषय राप्रपाभित्र पनि पेचिलो बन्दै गएको छ । आफ्नो मूलभत सिद्धान्तलाई राप्रपाले सत्तासँग साट्न वा जोड्न मिल्दैन ।

राष्ट्र प्रमुखमा राजसंस्था, हिन्दूराष्ट्र यसका प्राण हुन् । कसैले मीठो बोल्दैमा, कोही कसैको नजिक हुँदैमा, कसैले कसैलाई शक्तिमा पुऱ्याइदिने लोभलालचमा हामीलाई आफ्नो सिद्धान्त बिर्सने छुट छैन । क्रियाशील प्रायः सबै राजनीतिक दलहरु विचार र सैद्धान्तिकरूपमा स्खलित भइसकेको अवस्थामा राप्रपा आफ्नो विचारमा हिमाल झैं अटल छ । तसर्थ, राप्रपालाई गलत गर्ने छुट छैन । त्यसलाई मध्यनजर गरेर राप्रपाले राष्ट्रिपतिको लागि हुने निर्वाचनमा तटस्थ बसेर आफ्नो परिचय दिन सक्नु पर्छ । यो परिवेशमा हिमाल, पहाड र तराई सबै भेगका नागरिकले सम्मान गर्ने संस्थाको रूपमा राजसंस्था स्थापना गरेर प्रजातन्त्रलाई थप सुदृढ बनाउन राप्रपा दृढ रहनुपर्छ ।

त्यसैले मुलुक निर्माणमा अतुलनीय योगदान गरेको राजसंस्थालाई हिजो हामीले विदेशीको इशारामा होस् वा कसैको कुण्ठाको कारण हटाएर गम्भीर गल्ती गरेका छौं । आज इतिहासले त्यो गल्ती स्वीकार्ने र सुधार्ने अवसर सबै राजनीतिक दलहरुलाई दिएको छ । सबैले मान्ने गरेको आदर्शपुरुष प्रजातान्त्रिक आन्दोलनमा उचाइ प्राप्त गरेका स्व. विपि कोइरालालाई मनैदेखि सम्झने दिन आएको छ । व्यक्तिगतरूपमा आफूले राजसंस्थाको कारण दुःख पाए पनि बृहत नेपाली राष्ट्रिय हितको निमित्त किन उनले जीवनभर राजसंस्थाको पक्षमा वकालत गरे आजको पिँढिले त्यो बिर्सन हुन्न ।

इतिहास सधैं भविष्यको मार्गदर्शन भएर रहन्छ । यो सत्यलाई आत्मसात गर्दै प्रजातन्त्र बचाउन र मुलुकलाई प्रजातान्त्रिक माध्यमबाट विकासको युगमा लान सबैले पुराना रिस, राग, कुन्ठा त्यागेर राष्ट्रप्रमुखमा राजसंस्था रहने गरी बृहत सहमति कायम गराउन छलफलको सुरु गरौं । मुलुकको ठोस आवश्यकताको ठोस विश्लेषण गरी प्रजातन्त्रलाई थप बलियो र मजबुत बनाउँदै अगाडि बढ्नुपर्ने गम्भीर दायित्व यतिबेला क्रियाशील राजनीतिक दलहरुको काँधमा आएको छ । यस परिवेशमा लडाइँको मोर्चा आफैले सम्हाल्दै हरेश नखाई मुलुक निर्माणमा योगदान पुऱ्याएका, प्रजातन्त्र स्थापनार्थ गद्दी दाउमा लगाएका, विदेशीहरु सामू कहिल्यै लम्पसार नपरेका, मुलुकलाई पटक-पटक उपनिवेश हुनबाट जोगाएका, गद्दी त्याग गर्दासमेत पत्रकार सम्मेलन गरेर पाखा लाग्न सक्ने क्षमता प्रस्तुत गरेको शक्तिलाई पुनःस्थापना गर्नुको विकल्प छैन । प्रजातन्त्रलाई थप बलियो बनाउदै बृहत राष्ट्रिय हितमा अगाडि बढ्नको निमित्त सबैदलहरुमा चेतना आउनुपर्छ ।

*(पाठक राप्रपाका केन्द्रीय समिति सदस्य हुन् ।)*

## तपाईंको राशिफल


| | |
|---|---|
| मेष | : प्रसन्नतामा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष | : लेनदेनमा सावधानी राख्नुहोला । मनोबल उच्च रहनेछ । |
| मिथुन | : सन्तान सुखमा वृद्धि हुनेछ । व्यवसायमा लाभ मिल्नेछ । |
| कर्कट | : आहारमा ध्यान दिनुहोला किनकि पेटसम्बन्धी समस्याको योग छ । |
| सिंह | : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ । |
| कन्या | : खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| तुला | : जग्गा खरिदको योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ । |
| वृश्चिक | : राजनीतिक कार्य सफल हुनेछ । नयाँ काम बन्ने योग छ । |
| धनु | : सम्पर्कमा वृद्धि हुनेछ । शिक्षामा प्रगति हुने योग छ । |
| मकर | : राजनैतिक कार्यमा रूकावट आउनेछ । पारिवारिक कार्य सफल हुनेछन् । |
| कुम्भ | : वाणी संयम राख्नु होला । जोखिम लिनु हुँदैन । |
| मीन | : साहसी कार्य सफल हुनेछ । पारिवारिक कार्य सफल हुनेछन् । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# लघुवित्तविरुद्ध महिलाहरु आन्दोलित



**पिन्टु यादव/मध्यान्ह**
राजविराज, १८ फागुन

लघुवित्त संस्थाले ज्यादती गरेको भन्दै सप्तरीका महिलाहरु आन्दोलित भएका छन् । यहाँका महिलाहरुले मंगलबार राजविराजमा प्रदर्शन गरेका हुन् । त्यस्तै गत फागुन ९ गते सप्तरीको सुरुङ्गा नगरपालिका अन्तर्गत कडरबोनामा ठूलो संख्यामा पीडित महिलाहरु प्रदर्शनमा सहभागी भएका थिए ।

लघुवित्तीय संस्थाहरुले ऋणमा फसाएर सामाजिक बदमानी र तनाव दिन थालेपछि एक महिनाको अन्तरमा सप्तरीमा दुईजनाले आत्महत्या गरेको उनीहरुले बताएका छन् । कर्जा र किस्ता असुली गर्न लघुवित्तले अपनाएको शैली आफूहरुका लागि गलपासो भएको प्रदर्शनमा उत्रिएका महिलाहरुले बताएका छन् ।

सामूहिक संस्थामा कुनै कारण एक सदस्यले किस्ता तिर्न नसकेको अवस्थामा सम्पूर्ण सदस्यहरुको बचत ऋण बनाई सदस्यको रकम असुली गर्ने प्रावधान गलत भएकाले सामुहिक ऋण मिनाहा गर्नुपर्ने उनीहरुको माग छ । प्रदर्शनमा सहभागीहरुले लघुवित्त वित्तीय संस्था खारेजी गर्न सरकारको ध्यानाकर्षण समेत गराएका छन् ।

गरिबी न्यूनीकरण र वित्तीय पहुँचमा लघुवित्त संस्थाहरुको महत्वपूर्ण योगदान रहेको अधिकांश सदस्यहरु बताउँछन् । संघर्ष समितिका अगुवा मिर्घ नविनले नवसामन्ती शैलीमा लघुवित्तीय संस्थाले महिला सशक्तिकरणको नाममा ऋणको जालोमा फसाउने गरेको आरोप लगाए ।

शम्भुनाथ नगरपालिका ९ नम्बर वडा बसवलपुर टोल घर भएकी ७० वर्षीया देवकीदेवी सदा दुई छोरा र एक छोरीका आमा हुन् । उनको दुबै छोरा गाउँ घरमै ज्यामी गरी जीविकोपार्जन गर्दै छन् । उनले आरती जीवन विकास लघुवित्तबाट २४ महिनासम्म चुक्ता गर्नेगरी किस्तामा एक लाख रुपैयाँ घर बनाउने प्रयोजनमा ऋण लिएकी छिन् । उनको सो ऋण २०७८ आश्विन महिनामा उक्त संस्थाले स्वीकृत गरेको थियो । अहिले उनले प्रत्येक १५ दिनमा २५ सय बुझाउनुपर्छ । संस्थाबाट एक लाख ऋण लिंदा १५ हजार घरौटी रकम भनेर कट्टा गरिएको रुपैयाँको समेत ब्याज तिर्नुपरेको उनी बताउँछिन् ।

देवकी सदाकै समूह सदस्य सोही ठाउँ बस्ने शनेचरीदेवी सदाले श्रीमानलाई विदेश पठाउन महुली सामुदायिक विकास लघुवित्तबाट एक लाख रुपैयाँ ऋण लिएको बताइन् । 'एक लाखमा १५ हजार धरौटी राखियो, १० हजारको प्रति महिनाको किस्ता तिर्नुपर्छ ।' उनले लघुवित्तको कर्जा गलपासो भएको गुनासो गरिन् । उनले भनिन्,'चार वर्ष देखि किस्ता बुझाउँदै आएको छु तर अहिलेसम्म संस्थाले कर्जा चुक्ता भएको छैन ।'

एक छोरा र दुई छोरीकी आमा शनेचरीले लघुवित्तबाट लिएको ऋणले श्रीमानलाई विदेश पठाउन त पठाइन, तर विदेशमा श्रीमानको कमाई नहुनु र यता लघुवित्तको असुली आतंकले त्रासमा बाँच्नुपरेकी बताउँछिन् । 'बारम्बार कर्जा तिर्न तनाव दिन्छन् । जसरी पनि कर्जा तिर्नुपर्छ भनेर धम्क्याउँछन् । किस्ता नपर्खेर घरमा भएका सरसमान समेत जफत गरी लगेको छ', उनले बताइन् ।

लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक आतंकले शनेचरी मात्रै होइन, प्रदर्शनमा सहभागी अधिकांश महिलाहरुले प्रताडित हुनुपरेको सुनाएका थिए । सुरुङ्गा नगरपालिकाकै ६ नम्बर वडा श्रीपुर बस्ने ४१ वर्षीया किसुनवती पासवानको घरमा ताला लगाइदिएको छ लघुवित्त वित्तीय संस्थाले । घरमा ताला मात्रै होइन किस्ता बुझाउन नसकेपछि धनमाल समेत खोलेर लगेका छन् । श्रीपुर सुख्खा पर्ने गाउँ भएकाले यहाँ उब्जनीयोग्य जग्गा छैन । त्यसैले व्यापार गर्नकै लागि किसुनवतीले लघुवित्तबाट ऋण लिएकी थिइन् । एक लाख ५० हजार ऋण उठाएकी उनले १२ वटा किस्ता तिर्न अझै बाँकी छ । त्यही किस्ता तिर्न नसकेर उनको घरमा लघुबित्तले ताला लगाइदिएको हो ।

लघुवित्त वित्तीय संस्थाको शोषण र आर्थिक आतंकका कारण सप्तरीमा दुई जनाले आत्महत्या गरेका छन् । फागुन १ गते कञ्चनरुप नगरपालिका वडा नम्बर ९ रुप नगरका ४५ वर्षीया शान्ता भुजेलले लघुवित्तले प्रताडित गर्न थालेपछि आत्महत्या गरेकी थिइन् । उनले ३/४ वटा संस्थाबाट गरी १३ लाख ऋण लिएकी थिइन् । किस्ता बुझाउन नसकेको भन्दै लघुवित्तले घरका सबै फर्निचर सामान र धनमाल जफत गरेपछि उनी आत्महत्या गर्न बाध्य भएको पारिवारिक स्रोतले बताएको छ ।

त्यस्तै, सहकारी संस्थाको किस्ता तिर्न नसक्दा छिन्नमस्ता गाउँपालिका-२ का ४५ वर्षीय रामदेव मरिक (डोम) ले माघ १० गते विहान आँपको रूखमा झुण्डिएर आत्महत्या गरेका थिए । छोराको विवाह गर्दा गत वैशाखमा दुईवटा सहकारी संस्थाबाट १ लाख रुपैयाँ ऋण लिएका रामदेव किस्ता तिर्न नसक्दा तनावमा थिए । नेपाल राष्ट्र बैंकको मापदण्डअनुसार लघुवित्तीय संस्थाले विपन्न वर्गलाई उनीहरुको गरिबी न्यूनीकरणको लागि लगानी उपलब्ध गराउँछ । बिना धितो विपन्न वर्गमा जोखिम मोलेर कर्जा प्रवाह गरिरहेका लघुवित्त विरुद्ध संघर्ष समितिका नाममा सीमित स्वार्थ पूरा गर्ने समूहले भ्रम फैलाएर महिलाहरुलाई उचाल्ने काम भएको जानकारहरु बताउँछन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/११/१९**

**एच. एन.एम. इन्जिनियरीङ्ग एण्ड कन्सलटेन्सी प्रा.लि.** को मिति २०७८/०९/२९ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एच. एन.एम. इन्जिनियरीङ्ग कन्सलटेन्सी प्रा.लि. (प्रा.लि.नं.: २२९७३९)** कायम गर्ने गरी मिति २०७९/१०/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **HILTON HUMAN RESOURCES P.LTD** (श्रम इजाजत पत्र न **११५/२०७/३७४**) मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाईएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निजहरु सँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनहुन यसै सार्वजनिक सूचनाद्धारा जानकारी गराईन्छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन । साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | मनीता थापा | अफिस सेक्रेटेरी | साँखु ९ |
| २ | सुर्य बहादुर खजुम लिम्बु | पब्लिक रिलेसन अफिसर | धनकुटा ३ |

इजाजत पत्र नं. ११५२/०७३/०७४
Hilton Human Resources Pvt. Ltd.
Dhumbarahi-4, Kathmandu, Tel: 014536596
Email: hiltonhumanrs@gmail.com

## यूएईमा रोजगार | कम्पनी : AL WATHBA BUILDING CONT. CO.LLC
शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०७/०७ चलानी नं.: ६०१६६०१६ LT. No.: 249206 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Mason | 3 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |
| 4. | Blacksmith | 5 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |
| 5. | Electrician | 3 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Baba Human Resource Management Pvt. Ltd.
नयाँ बानेश्वर, काठमाडौं, फोन : ०१–४७८२४८२, ४७८२५४९
E-mail : babahrmgt@gmail.com
Govt. Lic. No. 1367/074/075

## मलेसियामा रोजगार | कम्पनी: HADRAMAWT KITCHEN SDN BHD
शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/११/१८ चलानी नं.: ६०१९७३९४ L.T. No.:281891

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | स. काममा दक्ष | 1500 | ४४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: IBRAHIM SHATEWI M. AL BILADI RESTAURANT FOR EXPRESS FOOD शहर:RIYADH

पूर्व स्वीकृत मितिः २०७९/१०/०६ चलानी नं.: ६०१९५३९७ LT. No.: 279823 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Blaze Associates Pvt. Ltd.
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

## युएईमा रोजगार | कम्पनी: MOTHERSON PKC HARNESS SYSTEM FZ-LLC
शहर: RAS AL KHAIMAH

पूर्व स्वीकृत मितिः २०७८/०९/१३ चलानी नं.:६०१७१४४९ LT. No.: 254933 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 89 | 174 | स. काममा दक्ष | 800 | २८,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०९/०५४/०५५
Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www.dssnepal.com

## मलेसियामा रोजगारको अवसर | १. कम्पनी : HAI YONG SEAFOOD TRADING
शहर : PANGKOR

पूर्व स्वीकृत मितिः २०७९/११/१८ चलानी नं.: ६०१९७३६४ L.T. No.: 281865

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | स. काममा दक्ष | 1500 | ४४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Empower Human Resources Management Pvt. Ltd
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9801625801, 9860700057, 9819063243, 9818328105, 9814048923

## UAE मा वैदेशिक रोजगारको अवसर

२. कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भैरहेको छ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्युचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्, काठमाडौं फोन: ०१–४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०
Mobile No.: 9813916322, 9810101810 | Email: futurestarmp397@gmail.com

## साउदीमा रोजगार

कम्पनी : SALEH ABDULLAH AL MUZAINI TRADING EST.
शहर : Al ras

पूर्व स्वीकृत मितिः २०७९/११/०४ चलानी नं.: ६०१९६६९५ L.T. No.: 281232 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## Mauritius मा रोजगार | कम्पनी: D AND R INTERNATIONAL TRADING LTD
शहर: Mahebourg

पूर्व स्वीकृत मिति: २०७९/११/१८ चलानी नं.: ६०१९७३९२ LT. No.: 281972

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 4 | 0 | स. काममा दक्ष | 350 | ४६,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन २६ गते (10 March 2023) मा हुनेछ ।**

